

# वैदेशिक रोजगार कल्याणकारी कोषबाट पाउने सेवाहरु र स्थानिय तहबाट लिने तरिका

## कुन कुन अवस्थामा सेवा लिन सकिन्छ?

**वैदेशिक रोजगारीमा गएका कामदार वा तिनका परिवारले कल्याणकारी कोषबाट सेवा लिन अधिकांश अवस्थामा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएको हुनुपर्दछ। आफ्नो श्रम स्वीकृतिको अवधि थाहा पाउनको लागि वैदेशिक रोजगार विभागको वेबसाइट (https://dofe.gov.np/) मा गइ राहदानी नं राखेर हेर्न सक्नुहुनेछ ।**

## वैदेशिक रोजगार कल्याणकारी कोषबाट निम्न लिखित सेवाहरु प्राप्त गर्न सकिन्छ:

1. वैदेशिक रोजगारमा गएका कामदारको मृत्यु भएमा कामदारको परिवारलाई आर्थिक सहायता
2. कामदार बिरामी एंव अंगभंग भएमा त्यसको लागि उपचार खर्च
3. कामदारको परिवार बिरामी भएको खण्डमा उपचार खर्च
4. बिदेशमा कामदारको शव अलपत्र परेकोमा ल्याउन सहयोग
5. कामदार यदि विदेशमा अलपत्र परेमा उद्दार गर्न सहयोग
6. शव वाहनको व्यवस्था
7. श्रम अवधि भित्र मृत्यु भएका कामदारको बालबच्चालाई छात्रवृत्तिको व्यवस्था

## कल्याणकारी कोषबाट सेवा लिने प्रक्रियाहरुमा मुख्यत दुई तरिका छन्:

### पहिलो तरिका

**वैदेशिक रोजगार बोर्डको (FEB) सचिवालयको कार्यालयमा आफु स्वयम् उपस्थित भई फारम भरेर दिन सक्नुहुनेछ ।**

**बोर्डको ठेगाना: बबरमहल काठमाण्डौं।**

**फोन नं: ०१-५३२०३११, ०१-५३२०४३३; १६६००१५०००५**

**ईमेल- welfare@feb.gov.np**

### दोश्रो तरिका

**आफ्नो स्थानिय निकायमा (नगरपालिका / गाउँपालिका) गएर कल्याणकारी कोषको फारम भरेर निवेदन दिन सक्नुहुनेछ। उक्त निवेदन स्थानिय निकायले बोर्डमा इमेल गरि पठाइदिने छ ।**

## वैदेशिक रोजगार बोर्डमा पेश गर्ने फारम डाउनलोड गर्ने तरिकाहरु

DOWNLOAD

1. **सुरुमा वैदेशिक रोजगार बोर्डको वेबसाईटमा (http://feb.gov.np) मा जानुहोस र मेनु बारमा रहेको "डाउनलोड" भन्ने विकल्प छान्नुहोस।**
2. **डाउनलोड भित्र 'निवेदन फारमहरु' भन्ने विकल्प छान्नुहोस।**
3. **अब, आफुले कुन प्रकारको निवेदन दिने हो छान्नुहोस, प्रिन्ट गरेर भर्नुहोस् र आफ्नो स्थनिय तह वा बोर्डमा बुझाउनुहोस्।**

### थप जानकारी

- कल्याणकारी कोषबाट पैसा दाबी गर्न घटना घटेको १ वर्ष भित्र वैदेशिक रोजगार बोर्डमा निवेदन दिनुपर्ने हुन्छ। श्रम स्वीकृतिको अवधि भित्र कामदारको मृत्यु भएमा नजिकैको हकवालाले र कामदारको दुर्घटना भएमा उपचार खर्चको लागि कामदारले आफैं निवेदन दिनुपर्दछ ।
- निवेदक वा हकवालाले पाउने आर्थिक सहायता, आवश्यक प्रक्रिया पूरा गरेपछि बोर्डले हकवालाको खातामा पैसा जम्मा गरिदिनेछ ।



श्रोत: वैदेशिक रोजगार बोर्ड

प्रकाशित मिति: २०२३-०९-१०


इसारा इन्स्टिट्यूट
फोन नं: +९७७ ९७६५४१५७०६
इमेल : nepal@issarainstitute.org

थप जानकारीको लागि
सेन्टर फर माइग्रेसन एंड इन्टरनेशनल रिलेसन्स (CMIR)
फोन नं: +९७७-१-४७९५९३१, +९७७-९८४६६६२०११
इमेल : info@cmir.org.np